श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री नरनाथ गिरी

फैसला

२०७६/०७७ सालको निर्णय नं. ७१

पुनरावेदन नं. : ०७५-RB-०२९४

पुनरावेदन दर्ता मिति २०७५।१२।१८

जिल्ला धनुषा साविक धनौजी गा.वि.स. वडा नं. १ हाल धनौजा गाउँपालिका वडा नं. ४ बस्ने श्याम दयाल मण्डलको छोरा वर्ष ३८ को जितेन्द्र कुमार मण्डल........................................ पुनरावेदक

**विरूद्ध**

भन्सार अधिकृत रामेश्वर कुमार मिश्र समेतको प्रतिवेदनले नेपाल सरकार................................. प्रत्यर्थी

<u>मुद्दाः तेल ३८० लिटर समेतका सामान चोरी पैठारी</u>

शुरु निर्णय गर्ने अधिकारी : भन्सार अधिकृत श्री रामेश्वर कुमार मिश्र

शुरु निर्णय गर्ने कार्यालय :- जनकपुर भन्सार कार्यालय, धनुषा

शुरु निर्णय मिति : २०७५/०९/०६

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री डेकेन्द्र सुवेदी

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

जनकपुर भन्सार कार्यालय, धनुषाबाट भएको मिति २०७५।०९।०६ को निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई प्रतिवादी जितेन्द्र कुमार मण्डलको पुनरावेदनपत्र दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>मुद्दाको तथ्य</u>

१. मिति २०७५।०८।०२ गते अन्दाजी ०६:३० बजेको समयमा जिल्ला धनुषा विदेह न.पा. वडा नं. ९ तिनकोरीया चौकी हुलाकी सडक स्थित जनकपुर भन्सार कार्यालयको कर्मचारीहरुको गस्ती टोलीले अबैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याउदै गरेको अवस्थामा तेल ३८० लिटर समेतका सामान सहित जिल्ला धनुषा सबैला नगरपालिका वडा नं. ९ बस्ने उदय शंकर साह, ऐ.ऐ. वडा नं. ११ बस्ने शम्भु यादव र ऐ. धनौजी गाउँपालिका वडा नं. ४ बस्ने जितेन्द्र कुमार मण्डललाई पक्राउ गरी आवश्यक कारवाहीका लागी जनकपुर भन्सार कार्यालय, धनुषामा पेश भएको मिति २०७५।०८।०२ गतेको प्रतिवेदन ।

२. यसमा पक्राउ परेका मालबस्तु भारतको दुहवीबाट खरिद गरी भन्सार नकाटी नेपालमा ल्याएर बेच्न लैजादै गर्दा पक्राउ परेको हो भन्ने प्रतिवादी उदय शंकर साहले गरेको बयान, उक्त मालबस्तु भारतको दुहवीबाट खरिद गरी भटीहन लैजान खोज्दा बेलापट्टीबाट पक्राउ परेको हो र उक्त सामानहरुको भन्सार महशुल तिरे बुझाएको कुनै प्रमाण छैन सामान मेरो आफ्नै हो भन्ने समेत प्रतिवादी शम्भु यादवले गरेको बयान, भारतको खौना भन्ने ठाउँबाट सामान ल्याएर वैंदेहीमा राखेको थियो त्याहाँबाट मैले मोटरसाइकलमा राखेर लिएर आउँदै थिए उक्त सामान र मोटरसाईकल तारापट्टी बस्ने तनुकलाल साहको हो र सो सामानको कुनै बिल प्रमाण छैन भन्ने समेत व्यहोरा को प्रतिवादी जितेन्द्र कुमार मण्डलले गरेको बयान व्यहोरा ।

३. प्रतिवादीहरु उदय शंकर साह, शम्भु यादव र जितेन्द्र कुमार मण्डलले भन्सार ऐन,२०६४ को दफा २(च) को कार्य गरेकोले चोरी पैठारी ठहरी बरामद भएका सामान र चोरी पैठारीमा प्रयोग भएका सवारी साधन कानून बमोजिम जफत गरी प्रतिवादी उदय शंकर साह र शम्भु यादवको हकमा मोटरसाईकल नेपाली नम्बरको भएकाले विगो रु. ३,४६,७२८।— र प्रतिवादी जितेन्द्र कुमार मण्डलको हकमा निजले प्रयोग गरेको मोटरसाईकल भारतिय नम्बर भएको ले विगो रु.४,९६,७२८।— कायम गरी विगो बराबर जरिवाना र सवारी चालकलाई हुने जरिवाना वापत रु.५०,०००।— जरिवाना हुने भन्ने समेत जनकपुर भन्सार कार्यालय, धनुषाबाट मिति २०७५।०९।०६ मा भएको निर्णय ।

४. बरामदि मुचुल्कामा तस्करी कार्यमा संलग्न व्यक्तिहरु भनि तिन जनाको नाम उल्लेख गरेकोमा के कुन व्यक्तिबाट के कुन, र कति परिमाण सामान वरामद भएको नखुलेकाले कायम गरिएको विगो प्रमाण ऐन, २०३१ को दफा २५ विपरित भै त्रुटिपुर्ण रहेको, बयानबाट वरामदी सामान पुनरावेदकको नभएको प्रष्ट भएको अवस्थामा दोषी ठहर गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त एवं मूल्य मान्यता विपरीत रहेको, सामानको मूल्याङ्कन पटकै पिच्छे फरक पारी मूल्याङ्कन

गरिएकोमा पुनरावेदकको हकमा कति सामानको विगो कति कायम भएको र विगोको जरिवाना कति भएको भन्ने उल्लेख नभएको, बरामद भएको मोटरसाईकल पुनरावेदकको नभएको र सवारी धनीको मंजुरी एव सहमतिबाट नै साधनको प्रयोग भएको प्रष्ट रहेको अवस्थामा चालकलाई हुने जरिवाना वापतको रकम जरिवानामा समावेश गर्नु भन्सार ऐन,२०६४ को दफा ५७ (१)(ख) को विपरित रहेकाले शुरु कार्यालयको निर्णय बदर गरी अभियोग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक जितेन्द्र कुमार मण्डलका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।१२।१८ मा परेको पुनरावेदन पत्र ।

५. मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७६।०५।२५ को यस न्यायधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री डेकेन्द्र सुवेदीले बरामदी मुचुल्कामा को कसबाट के कती सामान बरामद भएको भन्ने एकिन नखुलेको, बरामदी मुचुल्कामा प्रतिनिधि रोहबर नभएको, सवारी साधन को कस्को किन चढेको भन्ने एकिन नभएको, अनुसन्धान थुनछेक र निर्णय एकै व्यक्तीबाट भएको, गोलमटोल र सामुहिक रुपमा निर्णय गरेको हुँदा उक्त निर्णय प्रमाण ऐन, २०३१ को दफा २५ को विपरित भै बदर भागी छ भनी बहस गर्नु भयो ।

७. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले पुनरावेदकले भन्सार छली गरी ल्याउदै गरेको अवस्थामा बरामदीत सामान सहित प्रतिवादी पक्राउ परेको, बरामदीत सामानको मूल्य प्रतिवेदनमा खुलाईएको त्यस उपर प्रतिवादीले कुनै जिकिर लिन नसकेको हुँदा प्रतिवेदन दावी बमोजिम सजाय गर्ने गरी गरेको शुरु भन्सार कार्यालयको निर्णय कानूनसम्मत हुँदा  सदर हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु जनकपुर भन्सार भन्सार कार्यालय बाट मिति २०७५।०९।०६ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. भन्सार छली तेल समेतका सामान पैठारी गर्दै गरेको अवस्थामा सामान बरामद गरी प्रतिवादीहरुलाई प्रकाउ गरी कानुन बमोजिम कारबाही हुन प्रतिवेदन सहित पेश भएकोमा

बरामदीत सामान जफत गरी यि प्रतिवादीका हकमा रु.४,९६,७२८/-(चार लाख छयान्नब्बे हजार सात सय अठ्ठाईस रुपैया) जरिवाना हुने गरी भएको जनकपुर भन्सार कार्यालयको मिति २०७५।९।६ को निर्णय उपर चित्त नबुझाई प्रतिवादी जितेन्द्रकुमार मण्डलको तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१०. पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा मुख्यतः बरामदि मुचुल्कामा तस्करी कार्यमा संलग्न व्यक्तिहरु भनि तिन जनाको नाम उल्लेख गरेकोमा के कुन व्यक्तिबाट के कुन, र कति परिमाणमा सामान वरामद भएको नखुलेकाले कायम गरिएको विगो त्रुटिपुर्ण रहेको, बयानबाट वरामदी सामान पुनरावेदकको नभएको प्रष्ट भएको, पुनरावेदकको हकमा कति सामानको विगो कति कायम भएको र विगोको जरिवाना कति भएको भन्ने उल्लेख नभएको, बरामद भएको मोटरसाईकल पुनरावेदकको नभएको र सवारी धनीको मंजुरी एव सहमतिबाट नै सवारी साधन मोटरसाईकलको प्रयोग भएको प्रष्ट रहेको अवस्थामा चालकलाई हुने जरिवाना वापतको रकम जरिवानामा समावेश गर्नु कानून विपरित भएको भनी पुनरावेदन जिकिर लिएको पाइन्छ ।

११. यसमा यि पुनरावेदक समेत तीन जना भइ भारतबाट भन्सार छली गरी विभिन्न सामान पैठारी गरेको कुरा यि प्रतिवादी लगायत अन्य प्रतिवादीहरुको समेत स्वीकारोक्ती बयानबाट पुष्टी भइ रहेको र बरामदी सामान कानून बमोजिमको आफ्नो सामान हो भनी पुष्टी गर्ने प्रमाण कागज पेश गरी उक्त सामान फिर्ता पाउनु पर्छ भन्ने समेत यि प्रतिवादीको पुनरावेदन जिकिर भएको नदेखिँदा बरामद सामान जफत गर्ने गरी भएको निर्णय मिले नमिलेको तर्फ थप विवेचना गरि रहन परेन ।

१२. जहाँसम्म पुनरावेदक प्रतिवादीलाई सजाय गरिएको विषय छ सो तर्फ हेर्दा पुनरावेदकले लिएका पुनरावेदन जिकिरमा राज्यले नागरिकका उपर अभियोग लगाउँदा अपनाउनु पर्ने कानूनले तोकेका सामान्य कार्यविधि पुरा नगरेको, अभियुक्त उपर अभियोग प्रमाणित गर्ने भार वादीमा रहेकोमा प्रमाणित गर्न नसकेको भनी आफुलाई सजाय गरेकोमा गम्भिर प्रश्न उठाइएको छ । प्रस्तुत मुद्दाको उठान गर्ने बरामदी मुचुल्का देखी निर्णय हुँदाका चरण सम्म गरिएका काम कारबाहीहरुलाई चरणबद्ध तबरमा छुट्याई बिश्लेषण गर्नु पर्ने देखियो । बरामदी मुचुल्कामा तीन जना प्रतिवादीबाट सामान बरामद भएको भन्ने उल्लेख भएको तर को कुन प्रतिवादीबाट के कुन सामान के कति परिमाणमा बरामद भएको हो सो खुलाएको पाईएन । भन्सार ऐन २०६४ बमोजिम चोरी पैठारी गर्ने कार्यमा चोरी पैठारी भएका मालबस्तु जफत गरी उक्त मालबस्तुको बिगो बमोजि चोरी पैठारीकर्तालाई जरिवाना हुने

व्यवस्था रहेकोमा चोरी पैठारी गरेको भनी अभियोग लगाउने अभियोगकर्ताले को कसबाट के कति मोल पर्ने के कुन मालबस्तु के कती परिमाणमा बरामद भएको हो सो स्पष्ट खुलाउनु पर्ने देखिन्छ यसरी नखुलाई चोरी पैठारी मुद्दामा बिगो कायम हुन नसक्ने र बिगो कायम नहुँदा प्रतिवादीलाई हुने जरिवाना एकिन हुन नसक्ने हुन्छ । त्यस्तै बरामदी मुचुल्कामा मिति २०७५/८/२ मा गस्ती गर्ने क्रममा उल्लेख भए पनि काम सम्पन्न मिति उल्लेख नभएको र कानून बमोजिम राख्नु पर्ने प्रतिनिधि रोहबर राखेको समेत पाईएन । यसरी को कस बाट के कुन सामान बरामद भएको उल्लेख नै नभएको र कानून बमोजिम राख्नु पर्ने प्रतिनिधि रोहबरमा नराखी भएको बरामदी मुचुल्कालाई कानून बमोजिम रितपुर्वकको मान्न मिल्ने देखिएन ।

१३. त्यस्तै बरामदी मालबस्तुको बिगो कायम गर्दा के कुन विधि र प्रक्रियाको अबलम्बन गरिएको हो भन्ने नखुलाई बरामद सामान बुझाएको भनी दिएको प्रतिवेदनमा सामानको मोल सम्म लेखिएको पाइयो । कुनै सामानको मूल्य कायम गर्ने सामान्य औपचारिकता समेत पुरा नगरीएको र सामानको मोल एकिन नगरी अन्दाजी रुपमा उल्लेख गर्न पाउने सुविधा कुनै पनि अनुसन्धान अधिकारीलाई नभएको हुँदा प्रतिवेदकले मनोमानी एवं तजबिजि रुपमा सामानको मूल्य कायम गरिएको कार्यलाई समेत कानूनसम्मत मान्न मिल्ने देखिएन।

१४. भन्सार कार्यालयको निर्णय हेर्दा निर्णयकर्ता आफु निर्णयमा पुगेको आधार कारण उल्लेख गरेको पाइएन आधार कारण प्रमाणको उल्लेख नगरी निर्णय खण्डमा यि प्रतिवादीलाई के कति जरिवाना भएको हो? एकिन रुपमा नखुलाई फैसलाको सूचना दिंदा यि प्रतिवादीलाई रु.५,४६,७२८/- (पाँच लाख छयालिस हजार सात सय अठ्ठाईस रुपैया) जरिवाना भनी उल्लेख गरिएको देखियो। निर्णयमा नबोलिएको तथ्यलाई छुट्टै कागजबाट पुष्टी गर्न मिल्ने देखिँदैन तसर्थ निर्णयमा उल्लेख किटान नभएको जरिवाना पत्रबाट किटान भएको समग्र निर्णय प्रकृया समेत कानूनसम्मत मान्न मिल्ने देखिएन । तसर्थ पुनरावेदक प्रतिवादी जितेन्द्र कुमार मण्डललाई अभियोग कायम गरी सजाय गरिएको भन्सार कार्यालयको निर्णय प्रकृयाको समग्र प्रकृयाहरु सामान्य कार्यविधि कानून अनुरुप भएको नदेखिएकोले उक्त निर्णय यि पुनरावेदक प्रतिवादीका हकमा मिलेको देखिएन ।

१५. तसर्थ, माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा प्रतिवादी जितेन्द्र कुमार मण्डललाई भन्सार ऐन २०६४ को दफा २(च) बमोजिम चोरी पैठारी गरेको ठहर्याई जरिवाना सजाय गर्ने गरी जनकपुर भन्सार कार्यालय, जनकपुरबाट मिति २०७५/९/६ मा

भएको फैसला त्रुटीपूर्ण देखिँदा उल्टी भई निजले कसूर दावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्नू।

<u>तपसील</u>

पुनरावेदक प्रतिवादी जितेन्द्र कुमार मण्डललाई जरिवाना गर्ने गरी भएको जनकपुर भन्सार कार्यालयको निर्णय फैसला नमिली उल्टी हुने ठहर फैसला भएकोले थुनामा रहेका पुनरावेदन प्रतिवादीलाई थुनाबाट छुडीदिनु भनी लेखी पठाईदिनू ................................१

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु...............................२

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु............................................................................................३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु...........................................................४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

नरनाथ गिरी
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल मंसिर महिना १२ गते रोज ५ शुभम् ..........................